# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।२२ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको।

---

नेपालगञ्ज भन्सार कार्यालय, नेपालगंज, बाँकेमा कार्यरत नायब सुब्बा लक्ष्मण बहादुर चन्दले प्रज्ञापन पत्र बनाईदिने तथा भन्सार जाँचपासमा सहजीकरण गरिदिए बापत सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले निज नायब सुब्बा लक्ष्मण बहादुर चन्दलाई रु.५२,०००।- (बाउन्न हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा निजको कार्यकक्षबाट मिति २०७५।११।२१ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भईरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता